जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ | अंक ४३ | २०८२ साल भदौ २१ गते शनिवार (6 Sep 2025 Saturday) | मूल्य रु. ५/-

***Log in : rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मानव बेचबिखनविरुद्धको दिवस : ... ३ पृष्ठमा : जनताको एमालेसंग अपेक्षा : ... ३ पृष्ठमायुद्ध अन्त्यका लागि ...

# न्यायीक क्षेत्रको कार्य सम्पादन गर्न सप्तरी राम्रो तथा सहयोगि स्थान : वरिष्ठत्म न्यायाधीश ज्ञवाली

# न्यायीक क्षेत्रमा अनुभव बटुल्ने थलो हो सप्तरी : न्यायाधीश पाण्डे



**दैनिक समाचारदाता राजविराज, २० भदौ ।**

जिल्लाको कुनै पनि अदालतका न्यायाधीश सरुवा भएर जाने क्रममा पत्रकारहरुसँग भेटघाट गर्ने परम्परा विगतमा कहिले देखिएको थिएन् । तर यसपल्ट यस्तो परम्पराको सुरुवात भएको छ ।

यस्तो सुरुवात जिल्लाबाट अन्यत्र सरुवा भएर जान लागेका दुई जना न्यायाधीशले गरेका छन् । सम्भवत जिल्लामा यो पहिलो पटक भएको हो ।

नेपालगन्ज सरुवा भएर जाने क्रममा शुक्रबार उच्च अदालत जनकपुर-राजविराज इजलाशका वरिष्ठतम् न्यायाधीश बामदेव ज्ञवालीले आफ्नो निवासमा पत्रकारहरुसँग कुराकानी गर्दै न्यायीक क्षेत्रको कार्य सम्पादन गर्न सप्तरी राम्रो तथा सहयोगि स्थान भएको आफूले अनुभव गरेको सुनाएका छन् ।

"सप्तरी सरुवा भएपछी केही मानिसहरुले जिल्लामा न्यायीक कार्य सम्पादन गर्न निकै चुनौतीपूर्ण र असजिलो छ, त्यहा जानु भनेको कारवाही रुवरुप हो उनले विगतमा आफ्ना केही सहकर्मीले भनेको कुरा स्मरण गर्दै भने- तर आफू सप्तरी आएपछी भनेजस्तो केही पनि नरहेको र कार्यसम्पादन गर्दा सबै तर्फबाट निकै सहयोग पाए ।"

उनले आफ्नो कार्यकाल बसाईको अनुभव साटासाट गर्दा भने, "अरु ठाउँ भन्दा सप्तरीमा सहज रुपमा काम गर्ने बाताबरण पाए । सप्तरी जिल्ला बारे छरिएको नकारात्मक भ्रमलाई चिर्नु आवश्यक छ ।"

आफ्नो कार्यकालमा १८ महिना सम्मको मुद्दाहरु शुन्यमा झार्न सफल भएको उनले बताउँदै यस कार्यलाई निरन्तरता दिनु उत्तिकै आवश्यक छ । अदालतभित्रको भ्रष्टाचार न्यूनिकरण गर्नेतर्फ प्रयास गरेको दाबी गर्दै उनले भने, "आफ्नो कार्यकालमा न्यायधिशहरुलाई कमजोर पार्न चलखेल भएको तर, सोबाट आफूहरुको टिम अलिकति पनि बिचलीत नभएको र न्यायीक कार्यलाई स्वच्छ र पारदर्शीता ढंगबाट सम्पादखन गर्ने प्रयास गऱ्यो ।"

एक अर्को प्रसङ्गमा उनले जिल्लाका गम्भिर घटनाहरु संचारकर्मीहरुले उजागर गर्नु आवश्यक रहेको सुझाव दिँदै सामान्य कुटपिटमा पनी ज्यान मार्ने मुद्दा दर्ता गर्ने बढी चलन रहेकोमा यसप्रति सरोकारवालाहरु पनि सचेत हुनु पर्ने सुझाव समेत दिए ।

यस्तै बोक्सीको आरोपमा पनि वढी मुद्दा दर्ता हुने गरेको तर मुद्दा अध्ययन गर्दा त्यस्तो नपाइएकोले त्यसतर्फ पनि ध्यान दिनु पर्ने आवश्यक रहेको उनको भनाई थियो । जिल्लाको न्यायीक क्षेत्रमा काम गर्न सजिलो रहेको तथा जिल्लावासीले न्यायलयप्रति उच्च सम्मान गर्ने गरेको उनको कथन छ ।

जिल्लाका विभिन्न सार्वजनिक सरोकारका विषय बारे बोल्दै उनले पोखरीहरु संरक्षण हुन नसक्नुले कालान्तरमा गरिएको कमलाई अहिले लोभ लागेर बढी मुद्दा दिने प्रवृती बढेको, बाटोघाटोको विस्तारमा ध्यान पुग्न नसकेको, बाटो बिस्तार गर्ने क्रममा समानान्तर ढंगले बाटो विस्तार गर्नु आवश्यक रहेको तथा बाटोको पेटी अतिक्रमण हटाउन स्थानीय सरकार चुकेको उनको भनाई थियो ।

सोही पत्रकार सम्मेलनमा उच्च अदालतकी न्यायाधीश सरला कुमारी पाण्डेले पनि सप्तरीलाई हेर्न नजर फरक पाएको सुनाइन् । उनले भनिन्, "सरुवा भएर राजविराज पठाउँदा कुनै कारबाही गरिएको भन्ने सहकर्मीहरुले भन्ने गरेका थिए, तर, त्यो भ्रम भ्रम मात्र रहेको छ, उनले भनिन्- सप्तरीमा पालैपालो गरि सबै न्यायाधीशहरुले आएर सेवा गर्नुपर्छ, जिल्लामा न्यायीक कार्यसम्पादन गर्दा सिक्ने अवसर पाइन्छ । सप्तरी जिल्ला न्यायीक क्षेत्रमा अनुभव बटुल्ने थलो हो ।"

## दूरसञ्चार सेवा प्रदायकले निष्क्रिय पारे सूचीकरण नभएका सामाजिक सञ्जाल

काठमाडौँ, २० भदौ (रासस) ।

दूरसञ्चार सेवा प्रदायक कम्पनीले सरकारको निर्देशनअनुसार नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल निष्क्रिय पारेका छन् । नेपाल टेलिकम, एनसेलले नेपाल दूरसञ्चार प्राधिकरणको पत्रपश्चात दर्ता नभएका सामाजिक सञ्जाल देशभर निष्क्रिय पारेका हुन् ।

नेपाल टेलिकमले एक सूचनामार्फत नेपालमा सूचीकरण नभई सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्महरू निष्क्रिय गराउन पत्र लेखी आएकाले सोही निर्देशनबमोजिम त्यस्ता सामाजिक प्लेटफर्महरू हालका लागि बन्द गरिएको जनाएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## साझाको बृहत पुस्तक प्रदर्शनी सुरु




**दैनिक समाचारदाता राजविराज, २० भदौ ।**

साहित्यक संस्था साझा प्रकाशनद्वारा शुक्रबारदेखी १३ दिने वृहत पुस्तक प्रर्दशनी सुरु गरेको छ ।

सो पुस्तक प्रदशर्नीको उद्घाटन गर्दै सप्तरीको छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले सूचना र प्रविधीको नयाँ नयाँ प्रयोग संगै पुस्तक र पत्रपत्रिका किनेर पढने पाठकहरुको संख्या घटदै गएकोमा चिन्ता व्यक्त गरेका छन् ।

अहिले विभिन्न पुस्तक र पत्रपत्रिका मोबाईलमा पनि सजिलै प्राप्त हुने भएकोले ज्ञानवर्द्धक पुस्तक र पत्रपत्रिका किनेर पढ्ने पाठकहरुको संख्या घट्दै गएकोमा चिन्ता व्यक्त गरे ।

सोही उद्घाटनका क्रममा राष्ट्रिय मुक्ति पार्टी नेपालका सहमहासचिव गजेन्द्र कुमार मण्डलले यस्ता प्रदर्शनीले सम्पूर्ण भाषा, साहित्य, कला र संस्कृतीको श्रीबृद्धिमा टेवा पुऱ्याउने विश्वास समेत व्यक्त गरे ।

१३ दिनसम्म चल्ने प्रदर्शनीमा साहित्य, संस्कृति, कला, इतिहास, धार्मिक ग्रन्थ, शब्दकोषसँग सम्बन्धीत २ हजार ६ सय भन्दा बढी शिर्षकका पुस्तक राखिएका छन् । १ हजार ६ सय भन्दा लेखकको कृती राखिएको प्रदर्शनी असोज ३ सम्म चल्ने र उक्त अवधीभर विभिनन विद्याका पुस्तकमा २५ देखी ४० प्रतिशतसम्म छुटको व्यवस्था मिलाइएको साझा प्रकाशनले जनाएको छ ।

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
- खेतीपातीमा बिषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू बिभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई बातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
- जैविक बिबिधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र बातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा बृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आत्महत्या घटना निरुत्साहित गर्न सरोकारवाला गम्भिर बनौं

विगतका वर्षहरुमा सप्तरीमा आत्महत्याका घटनाहरु निकै भएका छन् । वर्षेणी जिल्लामा एक सय भन्दा बढी त्यस्ता घटना भएको प्रहरी तथ्याङ्कले देखाएको छ । जिल्लामा विगत दुई वर्षको तथ्याङ्क हेर्दा आ.ब. २०७८/७९ मा १ सय ३५, आ.ब. २०७९/८० मा १ सय १५ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्क रहेको छ । यस्तै नेपाल प्रहरीका अनुसार प्रत्येक वर्ष ७ हजारभन्दा बढी व्यक्तिको मृत्यु आत्महत्याबाट भएको थियो र वर्षेनी आत्महत्याको दर बढ्दै गएको छ । नेपालको सन्दर्भमा राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षणका अनुसार ६.५ प्रतिशत व्यक्तिहरुमा आत्महत्याको सोच र योजना रहेको पाइएको छ । यसैले आत्महत्या एक गम्भीर जनस्वास्थ्य समस्याको रुपमा रहेको छ ।

आत्महत्या आवेश तथा योजनाबद्ध जुनसुकै अवस्थामा पनि हुनसक्छ । योजनाबद्ध प्रायजसो डिप्रेसनमा देखिन्छ । प्रायजसो व्यक्तिले दिन, हप्ता र महिनौंसम्म योजना बनाएका हुन्छन् । आत्महानिको प्रयास गरेका व्यक्तिहरु, उदासिनता, लागुपदार्थको प्रयोग, मदिरापानको लत तथा अन्य जटिल मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु, आर्थिक नोक्सानी, पारिवारिक द्वन्द्व, दीर्घकालीन रोगबाट ग्रसित व्यक्तिहरु जस्तैः क्यान्सर, भावनात्मक कठिनाइ भएका व्यक्तिहरु, युद्ध, हिंसा, आघातजन्य घटनामा परेका व्यक्तिहरु पर्छन् । परिवारमा कुनै सदस्यले आत्महत्या गरेको छ भने त्यसको असर पनि परेको हुन्छ ।

तसर्थ यस्ता घटनालाई न्युनिकरणका लागि सरोकारवाला निकाय तथा तीनै तहका सरकारबीच समन्वय गरि एउटा ठोस कदम चाल्नु पर्ने आवश्यकता रहेको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मानव बेचबिखनविरुद्धको दिवस : बढ्दै मानव बेचबिखनको सञ्जाल

**कालिका खड्का**
काठमाडौँ, २० भदौ (रासस) ।

पहिला मानव बेचबिखन भन्ने बित्तिकै यौन शोषणका लागि महिलालाई बेचिन्छन् भन्ने थियो तर अहिले सूचना प्रविधिको विकाससँगै मानव बेचखिनका स्वरुपहरू पनि फेरिएका छन् । अहिले पढे लेखेका महिला/पुरुष पनि बेचिने गरेका छन् ।

मानव अङ्ग बेचबिखन गर्नका लागि पनि मानवको तस्कर हुने गरेको छ । एउटा देशमा काम गर्न लगाइदिन्छु भनेर अर्को देशका लैजाने वा वैदेशिक रोजगारीमा जाने, 'भिजिट भिसा'मा जानेहरू पनि बेचबिखनको जोखिममा पर्ने गरेका छन् ।

मानव बेचबिखनमा परेर नेपाल फर्कन सफल शक्ति समूहका संस्थापक अध्यक्ष चरिमाया तामाङलाई मानव बेचबिखनको ठूलो सञ्जाल भएको अनुभव छ । "सूचना प्रविधिको विकाससँगै मानव बेचबिखनका रूपमा पनि बदलिँदै गएको छ, प्रविधिको सञ्जालीकरणका कारणले अहिले कुनै सिमाना छैन", तामाङले भन्नुभयो, "मानवलाई प्रविधिको सञ्जालको चक्रव्यूहमा पारेर बेचबिखन हुने गरेको छ, दलालले जालो फैलाएको छ, दुश्चक्रभित्र मानवहरू परेर बेचबिखन भइरहेको छ ।"

चरीमायालाई पनि पहिला यौन शोषणका लागि मात्रै बेचबिखन हुने भए पनि अहिले एउटा मात्रै तरिका वा उद्देश्यले मानव बेचबिखन हुन नगरेको अनुभव छ । "विगतमा गरिबका छोराछोरी बेचबिखनमा पर्ने थिए, पढ्ने अवसर नपाएका, अबोध छोरीहरू बेचिन्थे", तामाङले थप्नुभयो, "अहिले दलालमार्फत मात्र होइन, प्रविधिमार्फत जोडिन्छन्, नेपालभित्र र बाहिर बेचबिखन भइरहेको छ ।"

विसं २०५३ साउन ७ गते नेपाल आउन सफल भएकी शक्ति समूहका संस्थापक अध्यक्ष तामाङ १२८ नेपाली चेली भारतबाट स्वदेश ल्याउँदा नेपाल फर्कन सफल हुनुभएको थियो । सरकार २०५३ साउन ४ गते सय र सोही वर्षको साउनमा २८ जना स्वदेश फिर्ता गर्न सफल भएको थियो । "बेचिएर फर्कने महिलामध्ये एक म थिएँ, त्यो फर्कन पाएकामा धेरै खुसी लागेको थियो", उहाँले त्यो पीडादायी क्षण सम्झँदै सुनाउनुभयो, "बेच्ने दलाललाई कारबाही गर्नुपर्छ, कुनै पनि नेपाली छोरीहरू बेचिनु हुँदैन भनेर आफ्नो जीवनी प्रस्तुत गरेर सचेतना गराउने काममा लागिरहेको छु ।"

चरीमायालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को प्रथम संशोधन विधेयक, २०८१ सदनमा विचाराधीन रहेको ऐन चाँडो पास गरेर तीन तहकै सरकारले यस विषयमा काम गर्नुपर्छ भन्ने लागेको छ । "मानव बेचबिखनले डरलाग्दो रुप लिइरहेको छ, यो ऐन छिटो ल्याएर तीन तहकै सरकारले काम गर्नुपर्छ", उहाँले भन्नुभयो, "कुनै पनि तरिकाले मानवको बेचबिखन हुनु हुँदैन ।"

यो ऐन संशोधन भएर आएमा सङ्घीयताअनुरुप तीनै तहका सरकारको जिम्मेवारीभित्र मानव तस्कर रोक्न पनि हुनेछ । नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घमा हस्ताक्षर गरेअनुसार कानुन बन्छ । सरकारले कार्यान्वयन गरेको देखिन्छ । "कानुनले धेरै हदसम्म मानव बेचबिखन रोकथाममा सहयोग गर्ने बताउँदै तामाङले थप्नुभयो, "मानव अङ्ग कानुन विपरीत प्रत्यारोपण, मानव बेचबिखनमा यौन शोषण, श्रम शोषण, धेरै कुराको अन्य हुन्छ ।"

चरीमायाले २०५४ सालमा शक्ति समूह नै सञ्चालन गरेर काम गरिरहनु भएको छ । अहिले शक्ति समूहले दुई हजारभन्दा बढीलाई 'सेल्टर' नै दिएर राखिरहेको छ । "कुनै सरकारले सिफारिस गरेको, कोही प्रहरीको सहयोगमा उद्धार गरेको, कोही भागेर आएका हुन्छन्", तामाङले भन्नुभयो," नेपालभित्र, भारतको विभिन्न सहर, दुबईलगायतका स्थानमा आएका छन्, सेल्टरमा गाँस, बास र कपासको व्यवस्था गरेर शारीरिक तथा मानसिक स्वास्थ्य हेर्छौं ।"

सो संस्थाले बेचबिखनमा परेका व्यक्तिलाई ल्याउने मात्रै होइन । पारिवारिक अवस्था पहिचान गर्छ । परिवारमा सम्पर्क गरेर पारिवारिक मिलन गराउने काम गर्छ । "घर पठाइसकेपछि पनि दुई वर्षसम्म सम्पर्कमा रहन्छौँ", तामाङले भन्नुभयो, "वातावरण सहज भए/ नभएको अध्ययन गर्छौं, सबै हेरेर ढुक्क भएपछि मात्रै परिवारमा छाड्छौं ।"

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को प्रथम संशोधन, २०८१ प्रतिनिधिसभामा दर्ता भएको थियो । अहिले कानुन तथा मानव अधिकार समितिमा छलफल भइरहेको छ । भिजिट भिसामा गएका मानिसहरू पनि बेचबिखनमा पर्ने गरेको, रोजगारीमा जाँदा एउटा काममा पठाएको दलालले अर्को काममा अर्कै ठाउँमा पठाउने गर्दा मानिस अलपत्र परेर पनि बेचबिखनमा पर्ने गरेको पाइएको छ ।

राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका सभापति ठाकुरप्रसाद गैरेले उक्त विधेयकमा धेरै विषयमा संशोधन परिसकेको र छलफल भइरहेको बताउनुभयो । "प्रतिनिधिसभामा दर्ता भएर अहिले प्रतिनिधिसभाको कानुन तथा मानवअधिकार समितिमा छ, संशोधन पनि परेको छ", उहाँले भन्नुभयो, "विधेयकमा बाल सुधारगृह मर्यादाभित्र राख्ने कुरा छ, अहिले १८ वर्षभन्दा माथिका पनि बालगृहमा छन् बालबालिका बेचबिखन रोक्ने, बालश्रम रोकथाम राख्ने, अङ्ग बेच्ने, श्रम शोषण, यौन कार्यमा लगाउने, देशबाहिर बालबालिका ओसारपसार गरेर गलत काममा लगाउने विषय कानुनले धेरै हदसम्म रोक लगाउँछ ।" 'तीनै तहका सरकार मिली गरौं हातेमालो: मानव बेचबिखनको हटाऔँ दुश्चक्रको जालो' भन्ने नाराका १९औं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस, २०८२ शुक्रबार देशभर मनाइँदैछ ।

सन् २००२ मा काठमाडौँमा सम्पन्न दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को एघारौँ शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धि २००२ लाई २०६३ मात्र २० गते तत्कालीन प्रतिनिधिसभाबाट अनुमोदन गरिएको दिनलाई स्मरण गर्दै नेपाल सरकारले हरेक वर्ष भदौ २० गतेलाई मानव बेचबिखनबिरुद्धको राष्ट्रिय दिवस मनाउन सुरु गरेको हो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह (सुडी) ले मानव बेचबिखन तथा ओसारपसार एक जघन्य अपराध भएको र यो सामाजिक रूपमा निन्दनीय, कानुनी रूपमा दण्डनीय भएको बताउनुभयो । "समाजको कलङ्कका रूपमा रहेको यस जघन्य अपराधको रोकथाम र नियन्त्रण गर्नाका साथै मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावितहरूको उद्धार, पुनःस्थापना, मनोपरामर्श सेवा तथा कानुनी उपचारका लागि नेपाल सरकारद्वारा विभिन्न कानुनी, संरचनागत र संस्थागत प्रयासहरू भइरहेका छन्," मन्त्री सुडीले भन्नुभयो, "मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधलाई जरैदेखि उन्मूलन गर्न, पीडितलाई उचित न्याय दिलाउन र पीडकलाई कानुनी दायरामा ल्याउन सकियोस् भन्ने उद्देश्य छ ।"

नेपाल सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धि, महासन्धि, सम्झौताहरूलाई अनुमोदन गरी सोही बमोजिम कानुन निर्माण तया परिमार्जन गर्न संस्थागत संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिरहेको उहाँको भनाइ छ । मन्त्री सुडीले भन्नुभयो, "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन संशोधनका लागि व्यवस्थापिका-संसद्मा विचाराधीन रहेको छभने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नीतिको मस्यौदा छिट्टै मन्त्रिपरिषद्मा पेस गर्ने तयारीमा रहेको कुरा जानकारी गराउन चाहन्छु ।" नेपालमा मानव बेचबिखन रोकथाम तथा पीडितको उद्धारमा नीतिगत सुधार, तथ्याङ्कमा आधारित रणनीति, सीमा क्षेत्र सुरक्षाको व्यवस्था, उद्धार अभियान र नागरिक-समाजको सक्रियता जरुरी भएको अभियन्ताहरूको भनाइ छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा मानव बेचबिखन तथा ओसारपसार भन्नाले कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने भन्ने रहेको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार मानव बेचबिखन भन्नाले शक्ति वा बल प्रयोग गरेर, धोका वा जबर्जस्ती वा अन्य कुनै माध्यमद्वारा व्यक्तिको स्वीकृति बिना, मानिसहरूलाई बेच्ने वा किन्ने, ओसारपसार गर्ने, बन्दक वा स्वीकृति दिने कार्य हो । यसको उद्देश्य जबर्जस्ती मजदुरी, यौन शोषण, अङ्गको कारोबार वा अन्य कुनै अवैध काम गराउनु हो । यस अपराधले प्रमुख रूपमा महिलाहरू र बालबालिकाहरूलाई असर गर्छ । जो धेरैजसो यौन शोषण र जबर्जस्ती मजदुरीको सिकार हुन्छन् ।

मनोरञ्जनात्मक क्षेत्रमा धेरै पैसा कमाई हुने प्रलोभन देखाएर, यौन शोषणका लागि हुने बेचबिखन, घरेलु काम तथा कारखानामा हुने श्रम शोषण, अवैध मानव अङ्ग प्रत्यारोपण, धर्मपुत्र-धर्मपुत्री बनाउने बहानामा हुने बेचबिखन हुने गरेको छ ।

वैदेशिक रोजगारीको 'ट्रान्जिट' भारत हुँदै तेस्रो मुलुक जाने क्रममा बेचबिखनमा परेका छन् । कानुनअनुरुप विवाह गरेर हुने बेचबिखन, उच्च शिक्षाका लागि विदेश लैजाने नाममा सामाजिक, पारिवारिक तथा रोजगारीको क्षेत्रमा भोग्नु परेका समस्याका कारण सामाजिक लाञ्छना तथा बहिष्कारमा पर्नुपरेको अवस्था छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को अनुसार मानिस किन्ने/बेच्ने कार्यमा संलग्नलाई २० वर्ष कैद र रु दुई लाख जरिवाना हुने व्यवस्था रहेको छ ।

त्यस्तै, सो ऐनमा वेश्यावृत्तिमा लगाउनेलाई १०-१५ वर्ष कैद र ५० हजारदेखि रु एक लाख जरिवाना, अङ्ग झिक्नेलाई १० वर्ष कैद र रु दुई लाखदेखि रु पाँच लाख जरिवानाको व्यवस्था रहेको छ ।

त्यस्तै, वेश्यागमन गर्नेलाई तीन महिना कैद र रु दुई हजारदेखि पाँच हजारसम्म जरिवाना हुने व्यवस्था रहेको छ । सार्वजनिक पदधारण गरेको व्यक्तिको हकमा २५ प्रतिशत थप सजाय लाग्नेछ भनी व्यवस्था गरेको छ ।

# जनताको एमालेसंग अपेक्षा : राष्ट्रियताको रक्षा, तीव्र विकास र उत्तरदायी नेतृत्व

**प्रेमचन्द्र झा**

नेकपा (एमाले) ले आफ्नो विधान संशोधनको तयारी गरिरहेको छ, जसले पार्टीको मूल विचारधारादेखि सदस्यता संरचनासम्मका विषयमा गहिरो परिवर्तन ल्याउने संकेत दिएको छ। मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज) लाई पार्टीको केन्द्रीय सिद्धान्तको रूपमा स्वीकार्दै आएको एमालेले अब यी विचारधाराहरूलाई नमान्ने व्यक्तिहरूलाई समेत पार्टीको सदस्यता दिन सक्ने गरी विधान परिवर्तन गर्न लागेको छ। यसले पार्टीभित्र एक गम्भीर बहस र आलोचना जन्माएको छ, जसको प्रभाव संगठन, कार्यकर्ता मनोबल र आम जनताको विश्वासमा पर्ने देखिन्छ।

विगतमा एमालेले पार्टी सदस्यता दिनुअघि राजनीतिक दृष्टिकोण र सिद्धान्तको परीक्षण गर्थ्यो। खासगरी जबज स्वीकार्नेलाई मात्र संगठनमा समावेश गरिन्थ्यो। तर अहिले उक्त प्रावधान हटाउँदै विचारधारात्मक प्रतिबद्धता नभएका व्यक्तिलाई पनि सदस्यता दिने निर्णय हुँदैछ। यस्ता निर्णयहरू 'व्यापकता' र 'समावेशिता' को नाममा गरिए तापनि, यसले पार्टीको मूल चिन्तन र वैचारिक एकताको जगमा आघात पुर्‍याउन सक्छ। नीतिगत शिथिलता र अवसरवादिताको ढोका खुला गरिने हो कि भन्ने आशंका उब्जिएको छ।

यसैबीच, पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरणसम्बन्धी विवादसमेत सार्वजनिक बहसको विषय बनेको छ। विधानअनुसार स्वचालित रूपमा सदस्यता नविकरण हुनुपर्ने दाबी हुँदाहुँदै पनि पार्टीले उनको सदस्यता 'पेन्डिङ' राखेको छ। यसबाट पार्टीभित्र आन्तरिक गुटबन्दी र अविश्वास रहेको सन्देश प्रवाह भएको छ। भण्डारीजस्ता वरिष्ठ नेतृको सदस्यता विवादमा पर्दा एमालेको संगठनात्मक अनुशासन र नियमप्रतिको निष्ठामा समेत प्रश्न उठेको छ।

विधान संशोधनमार्फत एमालेले 'संगठित सदस्य' र 'साधारण सदस्य' भनेर दुई तहको सदस्यता संरचना ल्याउन खोज्दैछ। यसले कार्यकर्ताहरूको बीचमा भिन्न वर्गको भावना जन्माउन सक्छ। साथै, नेतृत्वमा उमेर र कार्यकालको सिमा हटाउने प्रस्ताव समेत आएको छ। यसले अनुभवी नेताहरूलाई लामो समयसम्म नेतृत्वमा रहने बाटो खुला गरिदिए पनि, युवाहरूको सहभागिता र नेतृत्व विकासको मार्गमा अवरोध उत्पन्न हुन सक्छ। पार्टीको आत्मपुनरावलोकन प्रक्रियामा युवावर्गलाई सक्रिय सहभागी बनाउन नसके परिवर्तनको लक्ष्य अपुरो नै रहनेछ।

अन्तर्राष्ट्रिय सन्दर्भमा हेर्दा, हाल नेपालले चीन, भारत र अन्य छिमेकीहरूसँगको सम्बन्धमा सन्तुलन कायम राख्नुपर्ने चुनौतीको सामना गरिरहेको छ। यस्तो अवस्थामा एमालेले आफ्नो परराष्ट्र नीतिमा स्पष्ट र स्थिर धारणा लिनु आवश्यक छ। नेपालको राष्ट्रिय हितको रक्षा गर्दै, कूटनीतिक वार्ताद्वारा लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रको विषयमा भारतसँग समाधान खोज्नु आवश्यक छ। यी संवेदनशील भू-क्षेत्रीय मुद्दाहरूमा एमालेले विगतमा समेत जनभावनाको प्रतिनिधित्व गर्दै राष्ट्रियता र सार्वभौमिकताका पक्षमा ठोस भूमिका खेलेको दावी गरे तापनि, आजको परिस्थिति अझ बढी जिम्मेवार र परिणाममुखी दृष्टिकोणको माग गरिरहेको छ।

एमालेले मुलुकका ७७ वटै जिल्लाबाट दोस्रो विधान महाधिवेशनमा प्रतिनिधित्व सुनिश्चित गर्दै विधान संशोधनको तयारी गरिरहेको छ। यस्तो प्रतिनिधित्वले महाधिवेशनलाई जनमतको आधारमा निर्णय गर्न सशक्त बनाउँछ। कार्यकर्ताहरूबाट आउने सुझाव, आलोचना र मार्गदर्शनलाई सुनुवाइ गरिनु आवश्यक छ। दोस्रो विधान महाधिवेशन केवल दस्तावेज संशोधन गर्ने औपचारिकता बन्नु हुँदैन, यसले पार्टीको भविष्य दिशा निर्धारण गर्ने रणनीतिक थलो बन्नुपर्छ।

वर्तमान राजनीतिक परिवेशमा जनता स्थायित्व, उत्तरदायित्व र पारदर्शिताको अपेक्षा राखिरहेका छन्। संविधान संशोधनको बहस तीव्र हुँदै गर्दा, एमालेलाई लोकतान्त्रिक मूल्य र समावेशी धारणालाई अँगाल्दै अगाडि बढ्नु पर्नेछ। नेतृत्वमा आत्मसमिक्षा, आन्तरिक लोकतन्त्रको अभ्यास र वैचारिक स्पष्टता कायम गरिनुपर्छ। यदि विधान संशोधनले पार्टीभित्र नेतृत्वलाई सर्वसत्तावादी बनाउने र विचार-बहसको ठाउँ सघन बनाउने हो भने, त्यो दीर्घकालीन दृष्टिकोणले हितकारी हुँदैन।

लिपुलेक, लिम्पियाधुरा र कालापानीको सवालमा एमालेले मात्र हैन, सिंगो मुलुक एक स्वरमा उभिनुपर्ने आवश्यकता छ। यस्ता राष्ट्रिय सवालमा दलहरूबीच प्रतिस्पर्धा होइन, सहकार्य र साझा मोर्चा आवश्यक हुन्छ। एमालेले चाहिँ राष्ट्रियताको मुद्दामा सरकारलाई समर्थन गर्दै, दबाबमूलक भूमिका खेल्न सक्छ। सीमासम्बन्धी विषयमा संसदमा ठोस प्रस्ताव ल्याउने, अन्तर्राष्ट्रिय समुदायमा सशक्त कूटनीतिक अभियान सञ्चालन गर्ने, र आन्तरिक राष्ट्रिय चेतनालाई मजबुत बनाउनेतर्फ पार्टीले नेतृत्व गर्नुपर्नेछ।

एमालेको विधान संशोधनले दिने सन्देश यो हुनुपर्छ कि पार्टी समयअनुसार रूपान्तरित हुँदैछ, तर सिद्धान्तविहीन हुँदै होइन। यदि परिवर्तन केवल सत्ता प्राप्तिको औजार बनाउने नियतले गरियो भने त्यसले पार्टीलाई दीर्घकालमा कमजोर बनाउनेछ। त्यसैले परिवर्तनको आधार स्पष्ट दर्शन, संस्थागत अनुशासन र उत्तरदायित्वयुक्त नेतृत्व हुनुपर्छ।

संगठित कार्यकर्ताबाट जनताको प्रतिनिधित्व हुने भएकाले दोस्रो विधान महाधिवेशनमा सहभागीहरूले केवल पार्टीको हित होइन, सिंगो राष्ट्रको दृष्टिकोणबाट आफ्नो भूमिका निर्वाह गर्नु पर्छ। एमाले नेपाली जनतामाझ लामो समयदेखि स्थापित पार्टी हो, र उसले लिएको प्रत्येक निर्णय जनभावनासँग मेल खाने हुनुपर्छ।

अन्त्यमा, एमाले अहिले एउटा निर्णायक मोडमा उभिएको छ। विचारधाराको जग बलियो राख्दै, नेतृत्वमा सुधार ल्याउँदै, र कार्यकर्तालाई निष्पक्ष र प्रगतिशील दिशामा डो-याउँदै अगाडि बढ्न सक्यो भने पार्टी पुनः जनसमर्थन प्राप्त गर्न सफल हुनेछ। तर, यदि परिवर्तन केवल सत्ता केन्द्रित, व्यक्तिवादी र असमावेशी भयो भने एमाले कमजोर हुँदै जानेछ, र त्यसको असर मुलुकको राजनीतिक स्थायित्वमा पनि पर्नेछ।

जनताले एमालेबाट चाहेको कुरा स्पष्ट छः राष्ट्रियताको रक्षा, विकासको गति, जनताको आवाजको प्रतिनिधित्व र नेतृत्वमा उत्तरदायित्व। यो सब पूरा गर्न विधान संशोधन केवल कागजको अभ्यास होइन, राजनीतिक इमानदारीको परीक्षण बन्नुपर्छ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता

महादेवा गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

सप्तरी, मधेश प्रदेश


## विश्व समाचार

### युद्ध अन्त्यका लागि रूसलाई दबाब दिन ट्रम्पको आह्वान, बेइजिङद्वारा अस्वीकार

बेइजिङ, २० भदौ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा जारी युद्धलाई लिएर युरोपेली मुलुकहरूसँग चीनमाथि आर्थिक दबाब सिर्जना गर्न आग्रह गर्नुभएको छ। बेइजिङले चीनमाथि आर्थिक दबाब सिर्जना गर्ने आह्वानको 'कडा विरोध' गर्ने शुक्रबार जनाएको छ।चीनले कहिल्यै पनि रुसको युद्धको निन्दा गरेको छैन र न त रूसलाई युक्रेनबाट उसका सेना फिर्ता बोलाउन आह्वान गरेको छ। युक्रेनका धेरै सहयोगीहरूले बेइजिङले मस्कोलाई युक्रेन युद्धमा समर्थन प्रदान गरेको बुझाइ छ।

चीनले आफू तटस्थ पार्टी भएको बताउँदै आएको छ र नियमित रूपमा युद्ध अन्त्यका लागि आह्वान गर्दै आएको छ भने पश्चिमी देशहरूले युक्रेनलाई हतियार दिएर द्वन्द्व लम्ब्याउन खोजेको आरोप पनि लगाउँदै आएको छ। "बिहीबार पेरिसमा भेला भएका युरोपेली नेताहरूसँग भिडियो कन्फरेन्समार्फत सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले उनीहरूलाई चीनमाथि दबाब दिन आग्रह गर्नुभएको र युरोपले युद्धका लागि आर्थिक सहयोग गर्ने रुसी तेल खरिद बन्द गर्नुपर्ने बताउनुभएको थियो," ह्वाइट हाउसका एक वरिष्ठ अधिकारीले नाम नबताउने शर्तमा एएफपीसँग बताउनुभयो।

ट्रम्पको टिप्पणीबारे शुक्रबार सोधिएको प्रश्नमा चीनको विदेश मन्त्रालयले बेइजिङ 'न त यो (युक्रेन) सङ्कटको निर्माता हो न त यसको पक्षधर नै हो' भनेको छ। प्रवक्ता गुओ जियाकुनले एक पत्रकार सम्मेलनमा भन्नुभयो, "हामी चीनलाई यस मामिलामा निरन्तर तान्ने अभ्यासको दृढतापूर्वक विरोध गर्दछौं र चीनमाथि तथाकथित आर्थिक दबाब थोपरिएमा कडा विरोध गर्दछौं।"

भ्लादिमिर पुटिनले फेब्रुअरी २०२२ मा रुसको युक्रेन आक्रमणको आदेश दिनुभन्दा केही समयअघि मस्को र बेइजिङले 'नो लिमिट पार्टनरसिप' को घोषणा गरेका थिए। दोस्रो विश्वयुद्ध समाप्त भएको ८० वर्ष पुगेको उपलक्ष्यमा बुधबार आयोजित विशाल सैन्य परेडमा चीनका राष्ट्रपति सी जिनपिङ, रूसी नेता पुटिन र उत्तर कोरियाली नेता किम जोङ उन सँगै उभिएका थिए।

यसलाई बेइजिङले 'शान्तिप्रिय देश र जनतासँग मिलेर इतिहासलाई स्मरण गर्ने' उद्देश्यले 'विदेशी पाहुनाहरुलाई निमन्त्रणा गरेको' बताएको छ। पुटिनको नेतृत्वमा रहेको वर्तमान् रुसलाई चीनले 'शान्तिप्रिय देश' मान्छ कि मान्दैन भन्ने प्रश्न शुक्रबार एक पत्रकारले दुई पटक सोध्दा प्रवक्ता गुओले सोझै जवाफ दिन अस्वीकार गर्नुभयो। चिनियाँ राष्ट्रपति सीसँग बेइजिङमा आयोजित विशाल सैन्य प्रदर्शनमा भाग लिएका पुटिनले युक्रेनमा आफ्नो सेनाको प्रगतिको प्रशंसा गर्दै रुसी सेना 'सबै मोर्चामा' अघि बढिरहेको बताउनुभएको थियो।

### अमेरिकासँगको आणविक वार्ताका लागि इरान तयार, क्षेप्यास्त्र प्रतिबन्ध अस्वीकार

तेहरान, २० भदौ (रासस/एएफपी)।

इरानका सुरक्षा प्रमुख अली लारिजानीले इरान अमेरिकासँग आणविक वार्ताका लागि तयार रहेको बताउनुभएको छ।

"अमेरिकासँग वार्ताको बाटो बन्द भएको छैन। अमेरिकीहरू वार्ताबारे प्रचार गर्छन् तर टेबलमा आउँदैनन्", इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव लारिजानीले भन्नुभयो, "उनीहरूले इरानमाथि गलत तरिकाले दोषमात्र थोपर्छन्।"

"क्षेप्यास्त्र प्रतिबन्धजस्ता अकाट्य मुद्दा उठाएर उनीहरूले कुनै पनि वार्तालाई अस्वीकार गर्ने बाटो तय गरेका छन्," लारिजानीले एक्समा लेख्नुभएको छ।

संयुक्त राज्य अमेरिकाले युरोपेली शक्तिहरूले इरानमाथि संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धहरू पुनः लागू गर्ने कदमको स्वागत गरेको केही दिनपछि 'इरानसँग वार्तामा प्रत्यक्ष संलग्नताको लागि उपलब्ध' रहेको बताएको थियो।

तेहरान र वासिङ्टनबीच अप्रिलमा सुरु भएको आणविक वार्ता जुनको मध्यतिर इजरायलले इरानी आणविक केन्द्रहरूमा आक्रमण गरेपछि टुटेको थियो।

गत बिहीबार बेलायत, फ्रान्स र जर्मनीले इरान र प्रमुख शक्तिराष्ट्रबीच सन् २०१५ मा भएको आणविक सम्झौताको 'स्न्यापब्याक' धारा लागू गरेका थिए। 'स्न्यापब्याक' सम्झौता अनुरूप अघि नबढेमा उनीहरूले खुला गरेका प्रतिबन्ध पुनः लगाउन सक्ने व्यवस्था हो।

सन् २०१८ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा उक्त सम्झौताबाट पछि हटेपछि उक्त सम्झौता असफल भएको थियो।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वासिङ्टनले इरानको आणविक समस्याको स्थायी समाधान चाहेको र 'स्न्यापब्याक'ले कूटनीतिका लागि हाम्रो तत्परताको खण्डन नगर्ने अझ बढाउने बताउनुभएको छ।

इजरायल र अमेरिकी आक्रमणपछि इरानले संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकायसँगको सहकार्य स्थगन गरेको थियो र कुनै पनि वार्ता पुनः सुरु गर्नुअघि सैन्य कारबाहीविरुद्ध सुनिश्चितताको माग गरेको थियो।

पश्चिमा सरकारहरूले इरानको क्षेप्यास्त्र कार्यक्रमलाई क्षेत्रीय सुरक्षाका लागि खतरा भन्दै बारम्बार चिन्ता व्यक्त गर्दै आएका छन्।

गत जुलाईमा फ्रान्सले तेहरानसँग 'विस्तृत सम्झौता' गर्न आह्वान गरेको थियो। प्रस्तावित यो सम्झौतामा इरानको आणविक कार्यक्रम मात्र नभइ उसको क्षेप्यास्त्र कार्यक्रम र क्षेत्रीय महत्वाकाङ्क्षा पनि समावेश छन्।

इरानले आफ्नो सैन्य विस्तार वार्ताका लागि उपयुक्त सर्त नभएको बताउँदै आएको छ। पश्चिमा सरकारहरूले इरानले आणविक हतियारको क्षमता खोजेको आशङ्का गरेका छन् तर यसलाई तेहरानले निरन्तर अस्वीकार गर्दै आएको छ।

# पैगम्बरको जन्म जयन्तिमा राजविराजमा सद्भाव र्‍याली



**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद पैगम्बरको जन्म जयन्ति "मोहम्मद डे" शुक्रबार सद्भाव र्‍यालीसहित हर्षोल्लासका साथ मनाइएको छ ।

राजविराज नगरपालिकास्थित नुरीजामा मस्जिदमा भेला भई हिन्दु धर्मावलम्बीहरुको सहभागितामा सद्भाव र्‍याली निकालेका छन् ।

मधेश प्रदेश सरकारले मोहम्मद पैगम्बरको जन्म जयन्ति मनाउन शुक्रबार सार्वजनिक बिदा दिएपछि र्‍यालीमा उल्लेख्य सहभागिता र उत्साह दुबै देखिएको मुस्लिम समाजका महासचिव इरसाद अन्सारीले बताए ।

निकालिएको सद्भाव र्‍यालीमा राजविराज नगरपालिकाका कार्यवाहक मेयर इसरत परबिन, वडाअध्यक्ष दिनेश साह, अनिल दासका साथै ठूलो संख्यामा हिन्दु धर्मावलम्बी समेत सहभागि भए ।

राजविराजमा विभिन्न स्थानबाट आएका मुस्लिम समुदायका युवा, युवती, बृद्धबृद्धा तथा बालबालिकाहरुले शान्ति र सद्भावको पक्षमा नारा लगाउँदै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

इस्लामिक पात्रो हिजरी सम्वत्को रब्बि अब्बल महिनामा साउदी अरबको मक्कामा विबी अमिनाको कोखबाट हजरत मोहम्मदको जन्म भएको दिनको सम्झनामा जन्म जयन्ति मनाउने गरिएको मुस्लिम समाजका उपाध्यक्ष फैयाज अन्सारीले बताए ।

यस अवसरमा विभिन्न नाअत सरिफ वाचन गर्ने तथा उनका उपदेश र बानीको स्मरण गर्ने गरिएको मौलाना कैशर रजा बताउँछन् । पैगम्बर मोहम्मदले आफ्नो जिवनको सम्पूर्ण लक्ष्य समाज सुधार र व्यवहारिक धर्मको प्रचार प्रसारमा केन्द्रित गर्नुका साथै समाजमा रहेका रुढीवादी सोच, परम्परा, अन्धविश्वास र बिकृतीहरुको बिरुद्ध ठूलै संघर्ष गरेको मुस्लिम अगुवाहरुको भनाई छ ।

# बर्दिबासमा क्षयरोगीको सङ्ख्या उच्च

महोत्तरी, २० भदौ (रासस) ।

महोत्तरीको सुदूर उत्तरवर्ती बर्दिबास नगरपालिका क्षेत्रमा क्षयरोगीको सङ्ख्यामा वृद्धि भएको छ । पछिल्ला १३ महिना अवधिमा यस नगर क्षेत्रमा एक सय ४५ जना नयाँ क्षयरोगी पहिचान गरिएका छन् । यो २०८१ साउन १ गतेदेखि २०८२ साउन मसान्तसम्मको आँकडा हो ।

नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखाले बस्तीबस्तीमा सञ्चालन गरेको जाँच अभियानमा यसपालि एक सय ४५ जना नयाँ क्षयरोगी पहिचान गरिएका हुन् । नगरपालिकाका १४ वटा वडामध्ये यो रोगले वडा नं ८ लाई बढी प्रभावित गरेको पाइएको स्वास्थ्य शाखाका प्रमुख तथा वरिष्ठ जनस्वास्थ्य निरीक्षक सुरेश पासवानले जानकारी दिनुभयो । वडा नं ८ को हाथीलेटका टोलबस्तीमा यसपालि २२ जना नयाँ क्षयरोगी पहिचान गरिएका नगर स्वास्थ्य शाखाले जनाएको छ ।

बर्दिबास नगरपालिका-७ र ११ मा गरी केही दिनअघिमात्र तीन जनाको मृत्यु भएपछि यहाँ सघन जाँच (स्क्रिनिङ) अभियान सुरु गरिएको हो । यसपालि सबैभन्दा बढी क्षयरोगी पहिचान गरिएको बर्दिबास-८ मा सञ्चालित शिविरमा अत्याधुनिक प्रविधिबाट नयाँ एक सय २३ जनाको खकार, रगत परीक्षण गरिएको छ । जसमा २८ जनामा क्षयरोगको सङ्क्रमण भएको हुनसक्ने स्वास्थ्यकर्मीले बताएका छन् । थप जाँचबाट यसको एकिन हुने नगर स्वास्थ्य शाखाले जनाएको छ । शङ्कास्पद २८ जनाको खकार, रगत जाँचका लागि प्राथमिक स्वास्थ्य केन्द्र गौशाला पठाइएको छ । शिविर बागमती सेवा समाज र नगर स्वास्थ्य शाखा बर्दिबासले संयुक्त रूपमा चलाएका हुन् ।

क्षयरोगी बढी पहिचान भएका हाथीलेटमा मगर, तामाङ जाति समुदायको सघन बसोबासका बस्ती छन् । यहाँ घरेलु मदिराको अत्यधिक सेवन, स्वास्थ्य सचेतनाको कमी र पौष्टिक आहारको अभावले क्षयरोगी बढेका हुनसक्ने स्वास्थ्यकर्मीको आकलन छ ।

सरकारले सन् २०५० सम्म मुलुकलाई क्षयरोगमुक्त बनाउने सङ्कल्प लिएको छ । पहिलेका क्षयरोगीको उपचार गर्दै जाँदा रोग निको भए पनि नयाँ थपिने सङ्ख्या डरलाग्दो देखिएपछि सरकारको सङ्कल्प पूरा गर्ने पक्ष झन् चुनौतीपूर्ण बनेको स्वास्थ्यकर्मी नै बताउँछन् । शिविरको आयोजनाले रोग पहिचान गर्न सहयोग पुगेको हुँदा उपचार समयमै पाउने स्थिति बन्नु भने सकारात्मक भएको यहाँका बुद्धिजीवीको मत छ ।

## दूरसञ्चार सेवा...

प्राधिकरणको पत्र र सर्वोच्च अदालतको आदेश, नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबमोजिम टेलिकमले उक्त निर्णय गरिएको टेलिकमले जनाएको छ ।

एनसेलले पनि सरकारको निर्देशनअनुसार आफ्नो नेटवर्कमा नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल बन्द गरिएको जनाएको छ । प्राधिकरणले बिहीबार पत्राचार गर्दै विभिन्न २६ वटा सामाजिक सञ्जाल निष्क्रिय गराउन आग्रह गरेको थियो । त्यसमा फेसबुक, म्यासेन्जर, इन्टाग्राम, युट्युब, ह्वाटसएपलगायत सामाजिक सञ्जाल छन् ।

# साह महिला समितिद्वारा जितिया महोत्सव आयोजना



**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

साह महिला जिल्ला कार्य समिति सप्तरीले शुक्रबार जितिया महोत्सव आयोजना गरिएको छ ।

कार्यक्रमकी प्रमुख अतिथि मधेश प्रदेश सभा सदस्य किरण कुमारी साहले जितिया पर्वको जनविश्वास बारे चर्चा गर्दै जितिया संस्कृति पुस्तान्तरणको लागि महोत्सव सहयोगी भएको बताइन् ।

समितिका अध्यक्ष प्रमिला कुमारी साहको अध्यक्षतामा आयोजित कार्यक्रममा सहयोग गर्नेहरु पूर्वउपप्रमुख रञ्जु साह, द्रोपती साह, सुनिता साह, ललिता साह, आशा साह, अनुराधा साह, तारा साह, प्रमिला साह, पुनिता साह लगायतलाई सम्मान गरिएको छ ।

# स्वास्थ्य बिमामा आबद्ध भए मात्रै कडा रोग लागेका बिरामीले सुविधा पाउने

काठमाडौँ, २० भदौ (रासस) ।

आगामी कात्तिक १ बाट स्वास्थ्य बिमामा आबद्ध भएका विपन्न नागरिकहरूले आठ प्रकारका कडा रोगको एकीकृत सुविधा पाउने भएका छन् । हाल मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमियाका बिरामीहरूले यो सुविधा पाउँदै आएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीमा आबद्ध गर्ने निर्णयअनुसार आगामी कात्तिकदेखि यो व्यवस्था लागू गर्न लागेको हो ।

एकीकृत सुविधा कार्यान्वयनका लागि मन्त्रालयले हाललै 'विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (पहिलो संशोधन २०८२)' स्वीकृत गरेको छ । संशोधित निर्देशिकाअनुसार विपन्न नागरिकले पाउँदै आएको उपचार सुविधाको सम्पूर्ण भुक्तानी स्वास्थ्य बिमा बोर्डमार्फत हुने व्यवस्था गरिएको थियो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले यो सुविधा स्वास्थ्य बिमा प्रणालीमार्फत मात्र उपलब्ध हुने भएकाले हाल सेवा लिइरहेका वा नयाँ सेवा लिन चाहने सबै विपन्न नागरिकले अनिवार्य रूपमा स्वास्थ्य बिमामा आबद्ध हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाल उपचाररत बिरामीहरूको सेवा निरन्तर होस् भनेर हामीले आउँदो असोज मसान्तभित्र बिमामा दर्ता भइसक्न अनुरोध गरेका छौँ । यो व्यवस्थाले छरिएर रहेका कार्यक्रमलाई एकद्वार प्रणालीमा ल्याई राज्यको स्रोतको सही उपयोग सुनिश्चित गर्नेछ ।"

यसका लागि हालका सेवाग्राहीलाई आउँदो असोज मसान्तभित्र बिमामा दर्ताको व्यवस्था मिलाउन निर्देशन दिँदै स्वास्थ्य बिमा बोर्ड र नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखालाई पत्र पठाइएको प्रवक्ता बुढाथोकीले जानकारी दिनुभयो ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*